म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३२६ सोमबार, २३ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 7 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित पाखिन पक्राउ

हेटौंडा, २२ असार/हेटौंडा उपमहानगरपालिका-१८ स्थित आरामपुरक्षेत्रबाट शनिबार लागूऔषध खैरोहेरोइनसहित प्रहरीले एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा-१८ मानेडाँडाका ३४ वर्षीय बिनोद पाखिन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले जानकारी दिए । प्रहरी नायवउपरीक्षक अर्यालका अनुसार उनको समाथबाट ४२० मिलिग्राम खैरोहेरोइन बरामद भएको छ । उनलाई प्रहरीचौकी ठुलोदमारबाट नियमित गस्तीमा खटिएको टोलीले पक्राउ गरेको हो ।

असार २१ गते दिउँसो १२ बजेको समयमा धरान-चतरा सडकखण्ड हुँदै शंकास्पदरुपमा हिँडिरहेका पाखिनलाई रीतपूर्वक गरिएको खानतलासीका क्रममा उनको साथबाट खैरोहेरोइन बरामद भएपछि निजलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । पाखिनलाई लागूऔषधसम्बन्धी कसुरमा नियन्त्रणमा लिइ मकवानपुर जिल्ला अदालतबाट पाँच दिनको म्याद लिई थप अनुसन्धान भइरहेको प्रहरी नायवउपरीक्षक अर्यालले बताए ।

### बागमती सरकार विपद् प्रतिकार्यमा कमजोर रहेको प्रदेश मामिला समितिको निष्कर्ष

# कानुनी र नीतिगत सुधारमा ध्यान दिन सरकारलाई सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ बागमती प्रदेश सरकारको विपद् प्रतिकार्य कमजोर रहेको पाइएको छ । प्रदेशसभा अन्तर्गतको प्रदेश मामिला समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन अनुसार गतवर्षको असोजको दोस्रो साता आएको बाढीपहिरोबाट बागमती प्रदेशमा भएको सबैभन्दा बढी क्षति र विपदपछिको पुनर्निर्माण र पुनर्स्थापनामा समेत प्रदेश सरकार कमजोर देखिएको हो ।

समयानुकूल कानुन निर्माण तथा अद्यावधिक नगर्दा बागमती प्रदेशको विपद् प्रतिकार्य कमजोर देखिएको भन्दै यसले जनधनको क्षति बढाउने जोखिम रहेको समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ । विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखी आवश्यक कानुनी तथा नीतिगत सुधार गर्न गम्भीर ध्यान दिनु अत्यन्त जरुरी रहेको समितिले सरकारलाई सुझाव दिएको छ । समितिका सभापति छिरिङदोर्जे लामाद्वारा प्रदेशसभामा पेस गरिएको प्रतिवेदनमा विपद् व्यवस्थापनसँग सम्बन्धित कानूनी व्यवस्था, संस्थागत संरचना र स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाउन प्रदेश सरकारले अझ गम्भीर भएर कदम चाल्नुपर्ने उल्लेख छ ।

हालको अवस्थामा जलवायु परिवर्तन, भूगर्भीय जोखिम, महामारी, आगलागी, बाढीपहिरो लगायत विविध प्रकृतिका विपद्का घटना प्रदेशमा दोहोरिएर आइरहेको भन्दै समिति सभापति लामाले भने, विपद् व्यवस्थापनका लागि प्रदेश सरकारले दीर्घकालीन नीति, पूर्वतयारी र तत्काल राहत तथा पुन:स्थापनाकार्यका लागि ठोस योजना बनाउन अत्यावश्यक छ । विपद् व्यवस्थापनसँग सम्बन्धित कानूनी व्यवस्था, संस्थागत संरचना र स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाउन प्रदेश सरकारले अझ गम्भीर भएर कदम चाल्नुपर्ने



देखिन्छ समितिको प्रतिवेदनमा भनिएको छ ।

प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन, २०७९ मा संशोधन गर्नुपर्ने विषयका बारेमा मूख्यमन्त्री, आन्तरिक मामिला तथा कानूनमन्त्रीलगायत प्रमुख सचिवको उपस्थितिमा, समितिमा छलफल गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई आवश्यक निर्देशन दिएको समितिका सभापति लामाले बताए । उनका अनुसार प्रदेश सरकारले स्पष्ट मापदण्डबिना योजना तर्जुमा गर्ने परिपाटी र प्रत्येक योजनाका लागि अलगअलग कार्यविधि निर्माण गर्नुपर्ने झन्झटिलो प्रक्रियाका कारण आवधिक योजनाको कार्यान्वयनमा देखिएका समस्याप्रति ध्यानाकर्षण गराउँदै, आवश्यक निर्देशन प्रदेश सरकार लाई दिइएको छ ।

संवैधानिक आयोगका वार्षिक प्रतिवेदन सम्बन्धमा पदाधिकारिहरुसँग छलफल, प्रदेश सुशासन ऐन र प्रदेश सवारी तथा यातायात ऐनको उत्तरविधायिकी परीक्षणसम्बन्धमा दुईवटा उपसमिति गठन गरी यो अवधिमा कार्य गरेको प्रतिवेदनमा उल्लेख छ । सभापति लामाले प्रदेशसभामा सरकारका कामकारबाहीका सम्बन्धमा मसिनो र प्रभावकारी छलफल हुन नसकेको भन्दै विषयगत समितिहरुका वार्षिक प्रतिवेदनमाथि सभामा व्यापक, तथ्यपरक र परिणाममुखी छलफल गरी सभाको गरिमालाई अझ बढाउन आवश्यक देखिएको बताएका छन् ।

प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ मा विपद् व्यवस्थापनका लागि करिब १० करोड रुपैयाँ खर्च गरेको छ । गत असोज ११ र १२ गतेको अविरल वर्षाको कारण बढी क्षति पुगेको १० जिल्लामा प्रदेश विपद् व्यवस्थापन कोष मार्फत् ९ करोड ९० लाख प्रदान गरिएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ ।

## ढाका कपडा बुन्ने नि:शुल्क एड्भान्स तालिम प्रदान




साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ हेटौंडा उपमहानगरपालिकामा १६ जना महिलालाई ढाका कपडा बुन्ने १ सय ६० घण्टे नि:शुल्क एड्भान्स तालिम प्रदान गरिएको छ ।

हेटौंडा महिला समूहको आयोजना तथा हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा तालिम भएको हो । महिलालाई ढाकाउद्यमीतर्फ प्ररित गर्न तालिम प्रदान गरिएको महिला समूहले जनाएको छ । सीतादेवी थापामगरले ढाका कपडा बनाउने सम्बन्धी प्रशिक्षण दिएकी थिइन् । समूहकी अध्यक्ष सीता सुवेदी पाठकको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा हेटौंडा उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता थियो ।

समापन कार्यक्रममा १० नम्बर वडाअध्यक्ष फुर्वादोर्जे लामा, वडासदस्य इश्वर मैनाली, जाल्पादेवी महिला केन्द्र अध्यक्ष गीता मैनाली, उद्योग शाखाप्रमुख महेन्द्र चापागाईं, उद्योग अधिकृत गरिमा सिग्देल, सेव हाउसकी प्रमुख विनिता बर्तौला, दिदीबहिनी समूहकी अध्यक्ष जुना श्रेष्ठलगायतको उपस्थिति थियो ।






साझाकुरा

## हाम्रो कुरा

# मन्त्रालयबीच समन्वयको अभाव

प्रदेश सूचना पुनरावेदन समितिले आयोजना गरेको एक कार्यक्रममा प्रदेशको मन्त्रालयबीच समन्वय हुन नसकेको विषय सार्वजनिक भएको छ । यो विषय सार्वजनिक हुँदा सर्वसाधारणलाई प्रदेशको संरचना साँच्चै आवश्यक छैन भन्ने महशुस भएको छ । ब्यवस्था जुनसुकै भएपनि अवस्था उही भएपछि संघीयताको बिरधी स्वर उचालिनु अनौठो होइन । संघीयताको मर्मबिरपरित काम भइरहेकै कारण संघीयता आवश्यक छैन भन्ने जमातलाई बल पुगेको छ । चितवनको सौराहामा भएको सूचनाको हक प्रवर्द्धनसम्बन्धी अन्तर्क्रियामा प्रदेशको मन्त्रालयबीच समन्वय हुन नसकेको विषय बाहिर आएको हो । बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको संयोजनमा शनिबार कार्यक्रम सम्पन्न भएको थियो ।

सूचनाको हकसम्बन्धी कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन, नागरिकमा जनचेतना अभिवृद्धि तथा राज्यसंयन्त्रभित्र पारदर्शिता र जवाफदेहिता कायम गर्ने रणनीतिमाथि छलफल गर्ने उद्देश्यले कार्यक्रम गरिएको पुनरावेदन समितिका अध्यक्ष हरिप्रसाद भण्डारीले बताए । सूचनाको हक कुनै कृपा गरेर प्राप्त गर्ने होइन, नागरिकको संविधानद्वारा सुनिश्चित गरिएको मौलिकअधिकार हो । तर, सरकारको जिम्मेवार निकायबीचमा नै समन्वय हुन सक्दैन भने नागरिकको कार्यमा समन्वय हुने सम्भावना पटक्कै छैन । नेपाल पत्रकार महासंघले लामो समयदेखि सूचनाको हकका निम्ति लडाईं गरिरहेको छ । यसलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नु राज्यको अनिवार्य कर्तव्य हो । प्रदेश सरकार प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले सूचना आदानप्रदानमा मन्त्रालयबीचमा समन्वय नभएको गुनासो गरेका छन् । मन्त्री लामिछानेले प्रदेशका मन्त्रालयहरुले आफ्नो मन्त्रालयलाई सूचना नदिने गरेका गुनासो गरेका थिए । प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुनमन्त्री प्रवक्ता हो । प्रवक्ताले नै सबै मन्त्रालयको सूचना पाउँदैन भने कसरी अरुलाई सूचना दिनु ? लोकतन्त्रमा सूचना पाउने नागरिकको नैसर्गिक अधिकार भएको मन्त्री लामिछानेले बताए । देशमा सुशासन कायम गर्न पनि सूचना पारदर्शी र जवाफदेही हुनुपर्ने धारणा उनले राखे । सूचनाको हकसम्बन्धी ऐन तथा पुनरावेदन प्रक्रियालाई अझ प्रभावकारी बनाउँदै सूचना अधिकारीको क्षमता अभिवृद्धि गरिनु पर्दछ । सूचना पाउने नागरिकको नैसर्गिक अधिकार हो । सूचनाको हक स्थापित गराउन सूचनाको परीक्षण पनि हुनु जरुरी रहेको बताइएको थियो । नागरिकलाई सूचित गराउने कार्यमा सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहेको छ । सूचनाप्रवाहमा सञ्चारकर्मीको पहुँच सुनिश्चित गरिनुपर्छ ।

सूचना ऐन, पुनरावेदन प्रक्रिया, जिम्मेवारी र चुनौती विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । सहभागीबाट प्रभावकारी सूचना व्यवस्थापनका लागि सुझाव संकलन गरिएको जसमा सूचना अधिकारीको क्षमता अभिवृद्धि, सूचनाप्रवाहमा देखिएका अवरोधको न्यूनीकरण र जनस्तरसम्म जानकारी पुऱ्याउने उपाय प्रस्तुत गरिएका थिए । कार्यक्रमले सूचनाको हकलाई व्यवहारमा उतार्न प्रदेश सरकार र सरोकारवाला निकायबीचको सहकार्य अझ बलियो बनाउन सक्ने विश्वास लिइएको छ । कार्यक्रममा मन्त्रालयका सचिव, कानुन व्यवसायी, सूचनाअधिकारी, पत्रकार, नागरिकसमाजका प्रतिनिधि तथा विभिन्न स्थानीय तहका कर्मचारीको सहभागिता रहेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार २४ गते मंगलबार ८ जुलाई २०२५ । त्रयोदशी, असाढ शुक्लपक्ष । दिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१६, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : साझेदारी कार्यमा विवाद | **तुला** | : स्थानान्तरण हुनसक्ने |
| **वृष** | : दैनिक आयमा कमी | **वृश्चिक** | : दुस्चिन्ताले पिरोल्ने |
| **मिथुन** | : मांगलिक कार्य सम्पादन | **धनु** | : यात्रामा भयले सताउने |
| **कर्कट** | : कार्यमा बाधा | **मकर** | : उपचार खर्च वृद्धि हुने |
| **सिंह** | : आकस्मिक लाभ हुने | **कुम्भ** | : मानसम्मान मिल्ने |
| **कन्या** | : अर्थहानि हुने | **मीन** | : जोस एवम् जांगर बढ्ने |

# पत्रकारिताका सिद्धान्त किन र कसका लागि ?



✍ दयाराम पण्डित

कुनै पनि प्राणीलाई एक-अर्काकाको भावना बुझ्न र ती भावनाको प्रतिनिधित्व गर्न सञ्चारको आवश्यकता पर्छ । प्रापकलाई स्पष्ट बुझाउन र जानकारी दिन कुनै न कुनै माध्यमको आवश्यक पर्छ । सञ्चारका विभिन्न माध्यमहरुमा आमसञ्चार नै बढी विश्वसनीय छ र बनाउनुपर्छ । आमसञ्चारलाई दुई भागमा बाँडेर हेर्न सकिन्छ । परम्परागत आमसञ्चार जो पत्रपत्रिका, रेडियो टेलिभिजन पर्दछन् भने न्यु मिडियाअन्तर्गत अनलाइन पोर्टलहरु, सामाजिक सञ्जाल, फेसबुक, ह्वाट्सएप, युट्युब, ट्वीटर, इन्स्टाग्राम एक्सलगायत पर्दछन् । अहिले न्यु मिडियका कारण सूचना पाउन त्यति गाह्रो छैन । तर सत्य सूचना पाउन भने निकै गाह्रो छ । त्यसमा आसञ्चारका संवाहकले पत्रकारिताका सिद्धान्त अवलम्बन गर्दै व्यावसायिकतामा दक्षता राख्नु अहिलेको चुनौती हो ।

सामान्यतया आमको अर्थ व्यापक र सञ्चारको अर्थ सन्देश भन्ने बुझिन्छ । 'न्यारो कास्ट' बाट 'ब्रोड कास्ट' अर्थात् सानो एक कुनाबाट विश्वव्यापीकरण गर्नु वा ठूलो समुदायमा फैलाउनुलाई नै समग्रमा आमसञ्चार भन्ने गरिन्छ । पत्रकारितालाई आमसञ्चारसँग जोडेर हेर्दा समाज विकासको सूचकका साथै ऐनाका रुपमा चिनिन्छ । हुबहु देखाउन ऐनारुपी पत्रकारिता टलक्क टल्किने हुनुपर्छ । समग्रमा ऐनामा फोहोर ध्वाँसो लागेमा पुछेर टल्काउन सकिन्छ । तर ऐना फुट्यो भने सिसाफुटेझैं बेहाल भयो जिन्दगी भन्नुको विकल्प हुँदैन ।

विकसित मुलुकमा ऐनारुपी पत्रकारिताले अप्रत्यक्षरुपमा त्यहाँका शासकमाथि रुलिङ गरिरहेको हुन्छ । तर हाम्रो जस्तो अल्प र अविकसित मुलुकका शासकले आमसञ्चार माध्यममाथि रुलिङ मात्र हैन, अंकुश लगाउँछन् । लोकतन्त्रका शासकहरु जरा गाडेर बसेका छन् । हामी लोकतान्त्रिक गणतन्त्रात्मक देशका नागरिक । लोकतन्त्रमा सञ्चारको काम आमसञ्चारले गर्छ । जसरी स्वस्थ जीवनका लागि स्वस्थ र नियमित रक्तसञ्चारको आवश्यकता हुन्छ ।

अझ सञ्चारलाई मानिसको श्वासप्रश्वासझैं मानिन्छ । शरीरमा रक्तसञ्चार राम्रो भएन भने, श्वासप्रश्वास नै रोकियो भने हाम्रो शरीर कस्तो होला ? एकछिन् कल्पना गरौं त ? श्वास नै रोकियो भने हाम्रो शरीर जीवित रहला र ? त्यस्तै आमसञ्चार पनि देशको लागि रक्तसञ्चारझैं हो । सञ्चार राम्रो भएन र स्वस्फुर्त सञ्चालित हुन सकेन भने त्यो देशको अवस्था के होला ? तसर्थ आमसञ्चारका क्षेत्रमा गलत भाष्य र अस्पष्ट सञ्चारले समाजलाई विखण्डन मात्र हैन, धुजा-धुजा बनाउँछ ।

घटनाक्रम र कामको विवरण सार्वजनिकीकरण गर्न कुनै समयमा कटुवाले प्रथा थियो । अहिले पनि ग्रामीण समुदाय याने कि आधुनिक प्रविधिको विकासमा पहुँच नपुगेको समुदायमा कटुवाले परम्परा कायमै छ, जसले आजको विज्ञानको युगको प्रतिनिधित्व गरिरहेको छ । कुरा यहींबाट शुरु गरौं । कटुवालेले सही सूचना गर्दा समुदायका मान्छेहरु बोलाएको ठाउँमा जम्मा हुन्थे । उचित सामूहिक निर्णय लिन्थे र कार्यान्वयन अवस्था पनि राम्रो थियो । त्यो समयमा सञ्चारका सीप र सिद्धान्तलाई मर्यादित रुपमा पलना गरिन्थ्यो भन्दा अतिसयोक्ति नहोला ।

अहिले सूचना र प्रवित्रिको क्षेत्रले व्यापक फड्को मारेको छ । प्रविधिको विकाससँगै आमसञ्चारका नवीनतम मुल्य-मान्यता र सिद्धान्तहरु पालना गर्न अति आवश्यक छ । कतै हामी पत्रकारिताको सिद्धान्तभन्दा बाहिर गएका त छैनौं ? आज यहाँ पत्रकारिताका सिद्धान्त र पत्रकारितामा सामाजिक उत्तरदायित्वको सवालमा चर्चा गरिनेछ । मानव एउटै भए पनि कला, संस्कार र संस्कृति, मानव सभ्यता र भाषा अलग-अलग हुन सक्छन् । सञ्चारका लागि भाषा आवश्यक नहोला तर आमसञ्चारका सन्दर्भमा भाषा र भाष्य सही सत्य हुन आवश्यक छ ।

सामान्यतया पत्रकारिता भनेको पत्रलाई आकार बनाएर समुदायमाझ पस्किने एक माध्यम हो । मानव समाजका हरेक माध्यममध्येको एक सशक्त माध्यम हो आमसञ्चारमाध्यम । समाजका लागि सञ्चार भएर मात्र पुग्दैन, सूचना र सन्देशको विस्तृत जानकारी प्राप्त गर्न आमसञ्चारमाध्यम अपरिहार्य छ । आमसञ्चारका लागि पत्रकारिताका सिद्धान्तहरु बुझ्न जरुरी छ । पत्रकारिताका सिद्धान्तहरू पेसा र उद्योगहरूमा धेरै महत्वपूर्ण छन् ।

पत्रकारितामा यी सिद्धान्तहरूले सही र निष्पक्ष रिपोर्टिङ सुनिश्चित गर्दछ, सार्वजनिक विश्वास बढाउँछ र मिडिया संगठनहरूको विश्वसनीयता कायम गर्दछ । पत्रकारिताभन्दा बाहिर यो सीप सार्वजनिक सम्बन्ध, मार्केटिङ र सञ्चारजस्ता क्षेत्रहरूमा पनि सान्दर्भिक छ, जहाँ जानकारी सही र नैतिकरूपमा व्यक्त गर्ने क्षमता महत्वपूर्ण छ । यस सीपमा निपुणताले विभिन्न अवसरहरूको ढोका खोलेर र व्यावसायिक प्रतिष्ठा स्थापना गरेर करियरको वृद्धि एवं सफलतालाई सकारात्मकरूपमा प्रभाव पार्न सक्छ ।

पत्रकारिताका सिद्धान्तहरूले आधुनिक कार्यशक्तिमा महतवपूर्ण भूमिका खेल्छन् र प्रभावकारी सञ्चार र सूचना प्रसारका लागि आवश्यक छन् । यो सीपले वस्तुनिष्ठ रिपोर्टिङ, नैतिक पत्रकारिता र मिडिया उद्योगमा विश्वसनीयता कायम राख्ने मूल सिद्धान्तहरू समेट्छ । यी सिद्धान्तहरू बुझेर र लागू गरेर, व्यक्तिहरू सूचनाको विश्वसनीय स्रोत बन्न सक्छन् र राम्रोसँग सूचित समाजमा योगदान गर्न सक्छन् ।

पत्रकारिता सिद्धान्तको व्यावहारिक प्रयोग विविध करियर र परिदृश्यहरूमा अवलोकन गर्न सकिन्छ । पत्रकारिताको क्षेत्रमा यी सिद्धान्तले नैतिक दिशानिर्देशहरूको पालना गर्दै समाचारहरू वस्तुनिष्ठरूपमा प्रस्तुत गर्न पत्रकारहरूलाई मार्गदर्शन गर्ने हुन्छ । जनसम्पर्क पेसेवरहरूले यी सिद्धान्तहरूलाई लक्षित दर्शकहरूसँग प्रतिध्वनि गर्ने प्रेरक र सत्य सन्देशहरू सिर्जना गर्न प्रयोग गर्छन् । कर्पोरेट संसारमा, पत्रकारिता सिद्धान्तहरूमा आधारित प्रभावकारी सञ्चार रणनीतिले संस्थाहरूलाई सरोकारवालासँग विश्वास निर्माण गर्न र संकटहरू व्यवस्थापन गर्न मद्दत गर्दछ । यी उद्योगहरूका वास्तविक विश्व उदाहरणहरू र केस स्टडीहरूले यस सीपको महत्व र प्रभावलाई थप चित्रण गर्दछन् ।

मध्यवर्ती स्तरमा व्यक्तिहरूले आफ्नो रिपोर्टिङ सीपलाई सम्मान गर्न र पत्रकारिता नैतिकताको आफ्नो बुझाइलाई गहिरो बनाउनमा ध्यान केन्द्रित गर्नुपर्छ । खोज पत्रकारिता, डाटा पत्रकारिता र मिडिया नैतिकतासम्बन्धी पाठ्यक्रमहरूले उनीहरूको प्रवीणतालाई थप विकास गर्न सक्छन् । सिफारिस गरिएका स्रोतहरूमा जेम्स स्टोभलको खोज पत्रकारिता र पोइन्टर इन्स्टिच्युट र सोसाइटी अफ प्रोफेसनल जर्नालिस्टहरूजस्ता संस्थाहरूद्वारा प्रस्तावित अनलाइन पाठ्यक्रमहरू समावेश छन् ।

पत्रकारिताका प्रमुख सिद्धान्तहरूमा शुद्धता, निष्पक्षता, वस्तुनिष्ठता, स्वतन्त्रता र पारदर्शिता समावेश छ । पत्रकारहरूले सत्य रिपोर्ट गर्न, बहुपरिप्रेक्ष्यहरू प्रस्तुत गर्न, पूर्वाग्रहबाट जोगिन, व्यावसायिक स्वायत्तता कायम राख्न र कुनै पनि सम्भावित चासोको द्वन्द्व प्रकट गर्ने प्रयास गर्छन् । यसै गरी पत्रकारहरूले आफ्नो जानकारीको तथ्य जाँच गरेर, स्रोतहरू प्रमाणीकरण गरेर र धेरै विश्वसनीय स्रोतहरू क्रस-रेफरेन्स गरेर शुद्धता सुनिश्चित गर्छन् । तिनीहरू भरपर्दो, अपटु डेट र त्रुटि वा गलत जानकारीबाट मुक्त जानकारी प्रस्तुत गर्ने लक्ष्य राख्छन् ।

पत्रकारितामा निष्पक्षता भनेको विभिन्न दृष्टिकोणहरू प्रस्तुत गर्नु र सबै सम्बन्धित पक्षहरूलाई प्रतिक्रिया वा कथामा योगदान गर्ने अवसर दिनु हो । पत्रकारहरूले आफ्नो रिपोर्टिङ सन्तुलित र निष्पक्ष छ भनी सुनिश्चित गर्दै पक्षपात, भेदभाव वा पूर्वाग्रहबाट टाढा रहनुपर्छ । वस्तुनिष्ठता कायम राख्न पत्रकारहरूले उनीहरूको व्यक्तिगत विचारहरू उनीहरूको रिपोर्टिङबाट अलग गर्नुपर्छ । तिनीहरूले व्यक्तिगत पूर्वाग्रह वा व्यक्तिपरक निर्णयहरू सम्मिलित नगरी तथ्यहरू प्रस्तुत गर्न प्रयास गर्नुपर्छ । समाचार रिपोर्टिङ र सम्पादकीयकरणका बीचको भिन्नता आवश्यक छ ।

पत्रकारहरूले व्यावसायिक आचार संहिताअनुसार परामर्श गरेर, अनुभवी सहकर्मीहरू वा सम्पादकहरूबाट मार्गदर्शन खोजेर र सार्वजनिक हितमा तिनीहरूका निर्णयहरूको सम्भावित प्रभावको तौल गरेर आफ्ना नैतिक द्विविधाहरू ह्यान्डल गर्छन् । तिनीहरूले सत्य, निष्पक्षता र उनीहरूको रिपोर्टिङबाट प्रभावित व्यक्तिहरूको कल्याणलाई प्राथमिकता दिनुपर्छ ।

अहिले सबैले नेता र नेतृत्वलाई गाली गर्ने अनि तिनै नेता र नेतृत्वले पत्रकारलाई गाली गर्ने चलन आएको छ । अझ त्यति मात्र नभएर पूर्ण प्रेस स्वतन्त्रता संवैधानिक व्यवस्था भएको हाम्रो देश नेपालमा फेरि पत्रकार र पत्रकारिता पेसामाथि जाइलाग्न थालिएको छ । जति बेला देश संकटमा पर्छ, त्यति बेला आम नागरिकले सिद्धान्ततः बाँधिएको आमसञ्चार माध्यमप्रति विश्वास गर्छन् ।

त्यसैले समाजमा पत्रकारको भूमिका कस्तो रहन्छ ? भन्ने दृष्टान्तहरु वर्तमानका घटना-परिघटनाले देखाइसकेका छन् । पत्रकारले जनतालाई जानकारी गराउने, शक्तिलाई जवाफदेही बनाउने र लोकतान्त्रिक प्रक्रियालाई सहजीकरण गरेर समाजमा महत्वपूर्ण भूमिका खेल्छन् । तिनीहरूले नागरिकहरूलाई सूचित निर्णयहरू गर्न, पारदर्शिता प्रवर्द्धन गर्न र शक्तिको सम्भावित दुरुपयोगको लागि निगरानीको रूपमा सेवा गर्न आवश्यक जानकारी प्रदान गर्छन् ।

पत्रकारहरु आफ्ना दर्शक वा पाठकहरूसँग नैतकिरुपमा कसरी प्रस्तुत हुन सक्छन् ? भन्ने कुरा पनि महत्वपूर्ण हुन आउँछ । पत्रकारहरू उत्तरदायी, सम्मानजनक र पारदर्शी भएर आफ्ना दर्शक, श्रोता, पाठकहरूसँग नैतिकरूपमा संलग्न हुन सक्छन् । तिनीहरूले श्रोता, सरोकारहरूलाई सम्बोधन गर्नुपर्छ, गल्तीहरू तुरुन्तै सच्याउनुपर्छ र प्रतिक्रिया र संवादको लागि अवसरहरू प्रदान गर्नुपर्छ । पाठक, श्रोताहरुसँग खुला र जवाफदेही सम्बन्ध निर्माण गर्दा विश्वास र विश्वसनीयता बढ्छ ।

पत्राकारिताको मूल मर्म र जगमा टेकेर सिद्धान्ततः पत्रकारिता पेसा अवलम्बन गरेका पत्रकारबाट नै पत्रकारिता बचाउन सकिन्छ । स्थानीय तहदेखि संघीय गणराज्यमा भइरहेको चरम विकृति र विसंगतिलाई पत्रकारिताको असल अभ्यासबाट परास्त गर्न सकिन्छ । तसर्थ पत्रकारिताको सिद्धान्त हामी र हाम्रै समाजका लागि हो, यसको अक्षरशः पालना गरौं ।

*(साभार: न्यूज अफ नेपाल)*

# कारागारहरू विपश्यना शिविरमा परिणत भए...

✍ प्रकाश तिवारी

**नेपालमा चाहिं जयपुर जेलमा शिविर लागेको २३ वर्षपछि "विपश्यना प्रिजन कोर्स" (नख्खु कारागारमा) सञ्चालनमा आउन सक्यो । त्यसमा २० कैदी बन्दीको सहभागिता रहेको बताइन्छ । त्यसयताका २७ वर्षमा देशका विभिन्न बन्दी गृहहरुमा ध्यान शिविरहरू सम्पन्न भएका छन् ।**

हिन्दू धार्मिक ग्रन्थहरूमा 'कैद', 'कारागार' र 'बन्दी'को प्रसंगहरू आउँछन् । ऋग्वेदमा प्रतीकात्मक अर्थका 'बन्धन र कैद' को सन्दर्भहरू भेटिन्छन् । मेघनाथले स्वर्ग आक्रमणपछि इन्द्रलाई बन्धक बनाएर लंका लगेको रामायणमा उल्लेख छ । कंशले देवकी र वसुदेवलाई बन्दी बनाएको र श्रीकृष्णको जन्म कारागारमा भएको कथाहरू छन् ।

मानव सभ्यताको शैशवकालमा कारागार, बन्दीगृह वा जेलहरू थिएनन् । तिनताका 'ज्यानको बदला ज्यान' लिएर भरपाई गरिन्थ्यो । त्यतिबेलाको समाज अपराधीमाथि हदैसम्म निर्मम थियो । केही शताब्दीयता अपराधीमाथिका पाशविक दण्डविधान विघटन हुँदै गएका छन् । आधुनिक राज्य व्यवस्थाले क्षमा, दया, करुणा जस्ता पक्षलाई आत्मसात् गर्दै गएको छ, जुन बुद्ध शिक्षासँग मेल खान्छन् ।

'घृणालाई प्रेमले जित । मानिस परिवर्तनशील छ, परिवर्तन हुने मौका देऊ । अंगुलीमाल नाम गरेका नृशंस हत्यारा शान्ति र अहिंसाको मार्ग मार्फत बौद्ध संन्यासी बन्न सक्यो', बुद्ध शिक्षा यही भन्छ । भनिन्छ, सिद्धार्थ गौतमले विपश्यनाको मार्गबाट बुद्धत्व प्राप्त गरेका थिए । विपश्यना खासमा सत्यको उपासना हो । वर्तमानसँगको साक्षात्कार हो । विपश्यना साधक श्वास-प्रश्वास अनि शारीरिक समवेदना अवलोकनको माध्यमबाट वर्तमानमा अडिरहन्छ । विपश्यना ध्यानलाई आम जनसमुदायमाझ पुऱ्याउने श्रेय चाहिं सत्यनारायण गोयन्कालाई जान्छ । बर्मामा जन्मेका भारतीय मूलका गोयन्काले विपश्यना विद्यालाई बन्दीगृहमा समेत परिचित गराए ।

गोयन्काकै सक्रियतामा अक्टोबर १९७५ मा भारतको जयपुर जेलमा विश्वमै पहिलो 'विपश्यना प्रिजन कोर्स' सञ्चालनमा आएको थियो । यतिखेर क्यानडा, अमेरिका, बेलायत, इजरायल, मंगोलिया, न्युजिल्यान्ड, ताइवान, थाइल्यान्ड, म्यान्मार, ब्राजिल, भारत, श्रीलंका, नेपाल, स्पेन लगायत १६ भन्दा बढी देशका कारागारहरूमा 'विपश्यना प्रिजन कोर्स' सञ्चालन हुने गरेका छन् ।

नेपालमा चाहिं जयपुर जेलमा शिविर लागेको २३ वर्षपछि 'विपश्यना प्रिजन कोर्स' (नख्खु कारागारमा) सञ्चालनमा आउन सक्यो । त्यसमा २० कैदी बन्दीको सहभागिता रहेको बताइन्छ । त्यसयताका २७ वर्षमा देशका विभिन्न बन्दी गृहहरूमा ध्यान शिविरहरू सम्पन्न भएका छन् । 'कैदी-बन्दीमा विपश्यना ध्यानको प्रभाव' विषयक आलेख तयार पार्ने क्रममा नेपाल विपश्यना केन्द्रका केन्द्रीय व्यवस्थापक सुशील साहसँग भेट्ने संयोग जुरेको थियो । साहले बताए अनुसार नेपाली कारागारमा विपश्यना ध्यानको सुरुवात सन् १९९८ बाट भएको हो । पहिलो शिविर नख्खु कारागारमा लागेको थियो । त्यसपछि क्रमशः विराटनगर, भीमफेदी, पोखरा, नवलपरासीका कारागारमा अस्थायी ध्यान शिविरहरू लागे ।

साहको नेतृत्वमा कारागारमा स्थायी प्रकृतिको संरचना निर्माण गरी शिविर सञ्चालन गर्ने प्रयास चलिरहेको थियो । यस्तैमा एक दिन तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले एक टेलिभिजन अन्तर्वार्ताको दौरान विपश्यना ध्यानबारे धारणा राखेको सुने । गृहमन्त्री नै विपश्यनाको साधक भएको थाहा पाएपछि उनी भेट्न गए । भेटमा उनले नख्खु कारागार विपश्यना ध्यान केन्द्र निर्माणमा सहयोग गर्न अनुरोध गरे ।

श्रेष्ठले त्यसअघि नै दुई पटक विपश्यना ध्यान गरिसकेका थिए । त्यसको महत्व बुझेकाले उनले कारागारमा विपश्यना ध्यान केन्द्र निर्माण गर्न सघाउने प्रतिबद्धता जनाए । त्यसको केही दिनमै गृह मन्त्रालय, सुरक्षासँग सम्बद्ध अधिकारी र नेपाल विपश्यना केन्द्रका क्षेत्रीय आचार्य रूप ज्योति सहितको बैठक बस्यो । बैठकले नख्खु कारागार विपश्यना ध्यान केन्द्र निर्माण सम्बन्धमा ठोस समझदारी बनायो । समझदारी अनुसार साह अघि बढे । पुराना साधक, साधिका र दाताहरूबाट आर्थिक स्रोत-साधन जुटाइयो । काम थालेको ७२ दिनमा ८० जना क्षमताको एक धम्म हल, तीन आवास भवन, एक टिचर आवास सहितको संरचना तयार भयो । अन्ततः ८ फागुन २०८० मा विपश्यना केन्द्रको उद्घाटन गृहमन्त्री श्रेष्ठकै हातबाट भयो । हाल त्यहाँ ७-८ दिनको अन्तरालमा ध्यान शिविर चलिरहन्छ । बेला-बेलामा महिला ध्यान शिविर पनि लाग्छ ।

नेपालमा चाहिं जयपुर जेलमा शिविर लागेको २३ वर्षपछि 'विपश्यना प्रिजन कोर्स' (नख्खु कारागारमा) सञ्चालनमा आउन सक्यो । त्यसमा २० कैदी बन्दीको सहभागिता रहेको बताइन्छ । त्यसयताका २७ वर्षमा देशका विभिन्न बन्दी गृहहरूमा ध्यान शिविरहरू सम्पन्न भएका छन् ।

नख्खु कारागार विपश्यना केन्द्रको निर्माणलाई नेपाली जेल सुधारको यात्रामा महत्वपूर्ण चरण मान्न सकिन्छ । कारागारमा विपश्यना ध्यान र कैदी बन्दीमा परेको प्रभावबारे विश्वमा विभिन्न अध्ययन-अनुसन्धान भएका छन् । एसके बर्मा र पीएल धार (१९९५) ले 'विपश्यना प्रिजन कोर्स पूरा गरेका कैदी बन्दीमा एन्जाइटी र डिप्रेसन (डर, चिन्ता, व्याकुलता, उदासी, आत्मग्लानि, वैराग्य, निराशा, खिन्नता) उल्लेखनीय रूपमा कमी आएको अनुसन्धान तथ्य सार्वजनिक गरेका छन् । सन् १९९७ मा अल इन्डिया इन्स्टिच्युट्स अफ मेडिकल साइन्सेजले पनि तिहाड जेलका कैदीहरूमा विपश्यना ध्यानको प्रभावबारे अध्ययन गरेको थियो ।

विपश्यना ध्यानले कैदी बन्दीहरूको मानसिक आवेग नियन्त्रण गर्न, लागूपदार्थको दुर्व्यसनबाट मुक्त हुन, बदलाको सोच, रिस, तनाव, एक्लोपनाको भावबाट मुक्त हुन मद्दत गरेको, इच्छाशक्ति बढाएको अध्ययनले देखाएको छ । त्यस्तै, २००६ को 'द ग्लोबल प्यागोडा'मा प्रकाशित आलेखमा युनिभर्सिटी अफ वासिङ्टनले संघीय सरकारको अनुदान सहयोगमा गरेको अध्ययनमा कोर्स समाप्त गरेका कैदी-बन्दीमा मदिरा सेवन तथा लागूऔषध प्रयोगमा उल्लेखनीय कमी आएको बताइएको छ । भारतका थुप्रै राज्य सरकार, दिल्ली पुलिस लगायतले कैदी बन्दी विपश्यना ध्यानलाई जेल सुधार अभियानका रूपमा अघि बढाएको र त्यसले उत्साहजनक परिणाम दिएको पनि 'द ग्लोबल प्यागोडा'को आलेखमा उल्लेख छ ।

नेपाली अध्येता मुक्तिप्रसाद पाण्डेले समेत कैदी बन्दीमा विपश्यना ध्यानको प्रभावबारे अध्ययन गरेका छन् । पाण्डेको अध्ययन प्रतिवेदन सन् २०२२ मा 'इन्टरनेशनल जर्नल अफ ल एन्ड सोसाइटी'मा प्रकाशित छ । रिपोर्टमा 'ध्यानले कैदी बन्दीहरूको मानसिक स्वास्थ्यमा गुणात्मक परिवर्तन ल्याएको, सकारात्मक र आशावादी दृष्टिकोण विकास गर्न मद्दत गरेको, चिड्चिडापन, एन्जाइटी जस्ता समस्याबाट राहत दिलाएको जस्ता विषय' समेटिएका छन् ।

एक महिनाअघि लेखकलाई यसै विषयमा नख्खु कारागार विपश्यना ध्यान शिविरमा सहभागी कैदीबन्दीसँग साक्षात्कार गर्ने मौका जुरेको थियो । तिनका आ-आफ्नै कथा छन् । सामान्यतः विभिन्न अभियोगमा पुर्पक्षका लागि वा कैद भुक्तानका लागि कारागार पुगेका थुप्रैमा जीवनप्रति निराशा वा झन् ठूलो आक्रोश सहित बदलाभाव देखिन्छ । तर, जो कम्तीमा एकपटक विपश्यना शिविर बसेका छन्, तिनमा ठूला बदलाव पनि देखिएका छन् । निराश जीवन भोगिरहेकाहरूमा विपश्यना ध्यान साधनापछि उत्साह पैदा भएको पाइन्छ । जेल जीवनको तनावबाट थुप्रैले मुक्ति पाएका छन् । कैयौंले विगतका गल्तीप्रति प्रायश्चित गरेका छन् । कतिले दुःखी विचलित मनलाई शान्त गरेका छन् । कारागारभित्रै आत्महत्याको प्रयास गरेका कैयौंमा विपश्यना ध्यानले जिजीविषा पैदा गरेको छ ।

अध्ययनकै क्रममा नख्खु कारागारको द्वारबाट बाहिर निस्कँदा होस् या रातिको खाना खाएर ओछ्यानमा पल्टिंदाह मनमा विपश्यना शिविरमा सहभागी युवा बन्दीहरूको चित्र सल्बलाइरहन्छ । मान्छे एकत्व भित्रको अनेकत्व हो । देवतत्व पनि मानिसभित्रै, दानवत्व पनि मानिसभित्रै ! क्षमा, दया, माया, करुणाको महामानवीय बीज पनि ऊभित्रै । मान्छेको रगतमा स्नान गर्ने, बन्दुकको छर्राभित्र सङ्गीतको सुमधुर ध्वनि भेट्ने दानवीय चरित्र पनि ऊभित्रै ! मानिस कति बेला बुद्धत्वमा उक्लन्छ, कति बेला अंगुलीमालमा पतन हुन्छ भन्न सकिन्न ! विपश्यनाको बाटो हिंड्न सकियो भने मान्छे हुनुको वास्तविक मूल्य बोध गर्न सकिन्छ, जसले दयावान र करुणामयी बन्न प्रेरित गरिरहन्छ ।

(साभार: अनलाइनखबर)

### विशेष अदालतमा माधव नेपालको बयानः-

# 'पतञ्जलिको निर्णय नीतिगत हो, अख्तियारले हेर्न मिल्दैन'



काठमाडौं/पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पतञ्जलि जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आफूविरुद्ध मुद्दा दायर गर्ने अधिकार नभएको जिकिर गरेका छन् । विशेष अदालतमा बयान दिँदै पूर्वप्रधानमन्त्री नेपालले पतञ्जलि जग्गा हदबन्दी छुट र सट्टापट्टासम्बन्धी निर्णय नीतिगत भएको र त्यो विषयमा अख्तियारले अनुसन्धान र मुद्दा चलाउन नसक्ने जिकिर गरे ।

'अख्तियारलाई प्रस्तुत विषयमा अनुसन्धान गर्ने र मुद्दा चलाउने अधिकार संविधान र कानुनले दिँदैन,' उनले बयानमा भनेका छन्, 'सविधानको धारा २३९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४(ख) ले मन्त्रिपरिषद् वा त्यसको समितिले सामूहिक रूपमा गरेको नीतिगत निर्णयको अनुसन्धान र कुनै कारबाही गर्न प्रतिबन्ध लगाएको छ ।' संविधानको धारा २३९ मा अख्तियारको क्षेत्राधिकारसम्बन्धी व्यवस्था छ । अख्तियारसम्बन्धी ऐनमा मन्त्रिपरिषद् वा त्यसका समितिले सामूहिक रूपमा गर्ने नीतिगत निर्णय अख्तियारको क्षेत्राधिकार नरहने बन्देज छ ।

विशेष अदालतमा नेपालले गरेको बयानको विवरण अहिलेसम्म सार्वजनिक भएको थिएन । ११ असारमा अदालतमा उपस्थित भएका उनी ३५ लाख रुपैयाँ धरौटी बुझाएर त्यसै दिन रिहा भएका थिए । २०६६/६७ सालमा आयुर्वेद अस्पताल र जडिबुटी खेतीका लागि भन्दै पतञ्जलि योगपीठले विभिन्न ठाँउमा हदबन्दी छुटमा जग्गा किनेको थियो । तीमध्ये काभ्रेको केही जग्गा उसले किनेलगत्तै सट्टापट्टाको निर्णय गराएर बेचेको थियो ।

पहिले नै किनेको जग्गालाई पछि हदबन्दी छुट दिएको अनि सरकारीकरण हुनुपर्ने जग्गा सट्टापट्टाको अनुमति दिएर भ्रष्टाचार गरेको आरोपमा अख्तियारले नेपाल हित ९३ जनामाथि भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

**"नीतिगत विषयमा अख्तियार पस्यो"**

मुलुकको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा रहेको बताउँदै विशेष अदालतको बयानमा पूर्वप्रधानमन्त्रीले भूमिसम्बन्धी ऐनअनुसार जग्गाको हदबन्दीसम्बन्धी निर्णय गर्ने अधिकार समेत मन्त्रिपरिषद्मै रहेको र त्यही अधिकार प्रयोग गर्दा गैरकानुनी निर्णय नभएको जिकिर गरेका छन् । उनले बयानमा भनेका छन्, 'कानुनबमोजिम मन्त्रिपरिषद्को विधेयक समितिका साथै मन्त्रिपरिषद्बाट सर्वसम्मति निर्णय गरेअनुसार भए/गरेको काममा प्रवेश गरी अभियोजन गरिएकोले आरोप प्रारम्भिक चरणमै खारेज भागी छ ।

१२ वर्षअघि नै अख्तियारले यससम्बन्धी उजुरी तामेलीमा राख्ने निर्णय गरेको भन्दै नेपालले अहिले राजनीतिक पूर्वाग्रह र बदनियतका आधारमा आफूविरुद्ध मुद्दा चलेको जिकिर गरेका हुन् । अख्तियारले २५ मंसिर, २०६९ मा पतञ्जलि जग्गासम्बन्धी उजुरी तामेलीमा राख्ने निर्णय गरेको थियो । पछि फेरि थप प्रमाण भेटिएको भन्दै त्यससम्बन्धी उजुरीमाथि छानबिन भएको हो । ६ वर्षअघि अख्तियारले ललिता निवास जग्गा प्रकरणमा 'मन्त्रिपरिषद्बाट सामूहिक रूपमा गरिएका नीतिगत निर्णयहरू आयोगको अनुसन्धानको क्षेत्राधिकार भित्र नपर्ने' भन्ने आधार अघि सारेर पूर्वप्रधानमन्त्रीहरू नेपाल र डा. बाबुराम भट्टराईमाथि मुद्दा नचलाउने निर्णय गरेको थियो ।

अहिले त्यही आयोगले मन्त्रिपरिषद्का निर्णयमा मुद्दा चलाउने भनी गरेको निर्णय बदनियतपूर्ण भएको भन्दै नेपालले बयानमा थपेका छन्, 'यससम्बन्धी सम्पूर्ण काम-कारबाहीहरू सुरुदेखि अन्त्यसम्म बदर भागी छ ।'

**सरकारी जग्गा होइन**

आफूमाथि 'सरकारी सार्वजनिक सम्पत्ति हिनामिना र हानि-नोक्सानी'को भ्रष्टाचार मुद्दा चलेकोमा नेपालले हदबन्दीभन्दा बढीको जग्गा समेत निजी सम्पत्ति रहेको जिकिर गरेका हुन् । पतञ्जलि योगपीठले हदबन्दी छुटमा पाएको जग्गा उसकै भएको र त्यो सरकारी नहुने उनको जिकिर हो । सरकारीकरण नभइसकेको जग्गा सट्टापट्टा गर्दा समस्या नहुने उनको जिकिर देखिन्छ ।

हदबन्दीभन्दा बढी खरिद गर्न दिएको जग्गा सरकारी सार्वजनिक, वन, बुट्यान, ऐलानी, पर्ति, नदी, उकास खालको नभएको भन्दै उनले बयानमा व्यक्तिको नाममा रहेको निजी जग्गा खरिद गर्न अनुमति दिएको र त्यसबाट सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी नहुने जिकिर गरेका हुन् । र, निजी जग्गा सट्टापट्टाको अनुमति दिने निर्णय गरिदिँदा भ्रष्टाचार नहुने उनको जिकिर हो । विशेष अदालतमा उपस्थित कानुन व्यवसायीहरूले पनि सरकारको स्वामित्वमा नआएको जग्गा सट्टापट्टाबाट भ्रष्टाचारको आरोप आकर्षित हुन नसक्ने जिकिर गरेका थिए ।

'मबाट कुनै सार्वजनिक सरकारी जग्गा हिनामिना, हानि-नोक्सानी भएको छैन । राज्यलाई हानि हुने कार्य भएको छैन,' उनले बयानमा भनेका छन्, 'अनुचित आरोप र चरित्र हत्या गरिएको अवस्थाबाट तत्काल सम्मानित अदालतबाट छिटो-छरितो न्यायिक प्रक्रियाबाट न्याय दिलाइपाउँ ।'

के-कस्ता कामका लागि व्यक्ति वा कम्पनीलाई हदबन्दी छुटमा जग्गा राख्न दिने भन्नेबारेमा सरकारले कार्यनीति बनाएको थियो । 'उद्योग प्रतिष्ठानहरूलाई अधिकतम हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिनेसम्बन्धी कार्यनीति, २०६२' लाई निलम्बन गरेर सरकारले हदबन्दी छुटको निर्णय गरेको थियो ।

अख्तियारले कार्यनीति विपरीत हदबन्दी छुटमा जग्गा दिइएको जिकिर गरेका थियो । उद्योगहरूलाई हदबन्दी छुटमा जग्गा राख्न दिए पनि कम्पनीहरूलाई त्यो सुविधा नभएको अख्तियारको दाबी थियो । पूर्वप्रधानमन्त्री नेपालले कार्यनीतिले संविधान ऐन-नियममा भएका व्यवस्थालाई निस्तेज गर्न नसक्ने दाबी गरेका छन् । उनले बयानमा भनेका छन्, 'उद्योग र कम्पनी पर्यायवाची नै भएकाले हदबन्दी छुट दिँदा तलमाथि भएको छैन ।'

**"सबै निर्णय थाहा हुँदैन"**

अख्तियारमा बयान दिने बेलामा कतिपय व्यक्तिहरूले तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल, मुख्यसचिव माधवप्रसाद घिमिरे लगायतले दिएको दबाबका कारण प्रक्रिया अघि बढाउनुपर्‍यो भनी बयान गरेका थिए । उदाहरणका लागि तत्कालीन मन्त्री डम्बर श्रेष्ठले प्रधानमन्त्रीको निर्देशनअनुसार प्रस्ताव अघि बढेको भनी निर्णयमा लेखेको थिए । १ चैत २०६६ मा मन्त्री श्रेष्ठले अघि बढाएको प्रस्तावमा 'सम्माननीय प्रधानमन्त्रीबाट प्रस्ताव ल्याउन मौखिक रूपमा निर्देशन दिएको' भन्ने लेखिएको छ । त्यसको पाँच दिनपछि अर्थात् ६ चैतमा मन्त्रिपरिषद्बाट निर्णय भएको थियो ।

पूर्वसचिव डा. त्रिलोचन उप्रेती र छविराज पन्तको पनि त्यस्तै बयान थियो । विशेष अदालतका कर्मचारीहरूले त्यही बेहोरा देखाउँदै पूर्वप्रधानमन्त्री नेपाललाई सोधेका थिए । पूर्वप्रधानमन्त्री नेपालले पतञ्जलिसम्बन्धी सबै विवरण र फेहरिस्त भूमिसुधार विभाग र मातहतका मालपोत कार्यालयमा रहेको भन्दै सबै विवरण आफूलाई याद नहुने प्रतिक्रिया दिएका छन् । सट्टापट्टाको निर्णय हुँदा जग्गाको क्षेत्रफल बराबर नै जग्गा खरिद गर्नुपर्ने सर्तसहित दिइएकोले यसमा बदनियतको प्रश्नै नहुने उनको दाबी थियो ।

अख्तियारमा परेको पछिल्लो उजुरी पतञ्जलि योगपीठसँग सम्बन्धित थियो । १३ असोज, २०७९ मा परेको उजुरीमा पतञ्जलिले हदबन्दीभन्दा बढीको जग्गा कममा किनेर बढीमा बेचेको भन्ने बेहोरा थियो ।

उजुरीमाथि जवाफ दिँदै पूर्वप्रधानमन्त्री नेपालले भारतको पतञ्जलि योगपीठ प्रमुख रामदेवसँगको व्यक्तिगत मतान्तर र कम्पनीको व्यापारका सिलसिलामा द्वन्द्व भएर उजुरी परेको र त्यो आफूविरुद्ध नभएको प्रतिक्रिया दिएका थिए । उनले त्यो उजुरी आफूविरुद्ध मुद्दाको आधार हुन नसक्ने जिकिर गरेका छन् । पूर्वप्रधानमन्त्री नेपाल ११ जेठ, २०६६ देखि २२ माघ २०६७ सम्म प्रधानमन्त्री थिए ।

पूर्वप्रधानमन्त्री नेपालले बयानमा मन्त्री डम्बरले किन प्रधानमन्त्रीको नामै लेखेर निर्देशनको कुरा लेखे भन्ने विषयमा जवाफमा केही उल्लेख छैन । उनले बयानमा भनेका छन्, 'मन्त्रिपरिषदले आवश्यकता र औचित्यको आधारमा राज्यको हितमा नीतिगत निर्णयसम्म गर्ने हो ।'

तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारमा मन्त्री समेत रहेका तत्कालीन भूमिसुधार सचिव छविराज पन्तले अख्तियारमा 'जग्गा बिक्री गरी सट्टापट्टाको अनुमति दिँदा मन्त्री, मुख्यसचिव र प्रधानमन्त्रीको समेत दबाब हो' भनी बयान गरेका थिए ।

उनले तयार पारेको प्रस्ताव 'जग्गा बेचबिखन गरी सट्टापट्टा गर्न स्वीकृतको लागि सम्मानित प्रधानमन्त्रीज्यूबाट प्रस्ताव ल्याउन मौखिक रूपमा निर्देशन दिएको हुँदा सो अनुसार मन्त्रिपरिषद्मा पेस गर्न स्वीकृत' भनी निर्णय भएको थियो ।

पूर्वप्रधानमन्त्री नेपालले पन्तको बयानमाथिको प्रतिक्रियामा 'तत्कालीन सचिवको गैरजिम्मेवारीपूर्ण कथन' भनी टिप्पणी गरेका छन् । उनले बयानमा भनेका छन्, 'पतञ्जलिले काम गर्न बाधा परेको देखाइ अन्य जग्गा खरिद गरी त्यहाँको केही जग्गाको साटो अन्यत्र किनेर नघट्ने गरी बिक्री गर्न सहजीकरण गर्नु न्यायोचित नै थियो ।' सचिवकै दाबीमा उनले अरु ढंगले खण्डन गरेको देखिँदैन ।

काभ्रेमा जग्गा किनेको पतञ्जलिले त्यसलगत्तै बीचबीचमा व्यक्तिको हाउजिङ र अरु जग्गा परेकाले उनीहरूले बाधा गरेको दाबी गरेको थियो । अरु जग्गाधनीले बाधा पुर्‍याउने काम गरेको, प्लट मिलाउन नदिएको, अनावश्यक माग राखेर दुःख दिएकाले अन्यत्र सार्नुपर्ने भनी पतञ्जलिले सरकारलाई निवेदन दिएको थियो ।

त्यसतर्फ कुनै अध्ययन र अनुसन्धान नभएको अख्तियारको दाबी थियो । किनभने, उसले त्यहाँ अरु प्लटहरू नभएको, केवल सरकारी जग्गा मात्रै रहेको भेटायो ।

विशेष अदालतमा बयान गर्दै नेपालले कुनै निवेदकले गरेको दाबीलाई सामान्यतयाः विश्वास नै गरिने जिकिर गरेका छन् । बयानमा भनेका छन्, 'मन्त्रालयबाट पेस गरिएका प्रस्तावमा उल्लेख भएका विवरणहरू ठिक दुरुस्त छन् भन्ने आधारमा निर्णयमा पुग्ने गरिन्छ र यो निर्णय पनि सोहीबमोजिम नै गरिएको हो ।'

अख्तियारले प्रधानमन्त्री कार्यालयका तत्कालीन सचिव डा. त्रिलोचन उप्रेतीलाई सरकारी साक्षी बनाएको छ । उनले बयानमा 'राजनीतिक तहमा प्रधानमन्त्रीज्यू र भूमिसुधार मन्त्रीले स्वामी रामदेव र बालकृष्ण आचार्यसँग व्यक्तिगत प्रतिबद्धता जनाएको कुरा आएको थियो' भनेका थिए ।

पूर्वप्रधानमन्त्री नेपालले त्यसबारे सोधिएको प्रश्नमा 'बयान बेहोरा असत्य र फजुल छ' भनी जवाफ दिएका छन् । आफूले कतै पनि त्यस्ता विषयमा राजनीतिक प्रतिवद्धता नजनाएको र जनाउनुपर्ने कारण पनि नभएको भन्दै उनले हदबन्दी छुटको विषयमा नीतिगत निर्णय भएको जिकिर गरेका हुन् ।

'मैले नेतृत्व गरेको मन्त्रिपरिषद् र मैले कोही कसैलाई पनि ऐन, नियम विपरीत काम गर्न कुनै दबाब वा प्रभावमा पारेको थिइनँ-छैन,' उनले बयानमा भनेका छन्, 'सचिव वा कसैलाई कानुनले दिएको अधिकारमा मैले कुनै हस्तक्षेप गर्ने कुरा आउँदैन र हस्तक्षेप पनि गरेको छैन ।'

**"जनस्वास्थ्यमा सहजीकरण"**

कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता हुँदा पतञ्जलि योगपीठ मुनाफा वितरण नगर्ने कम्पनीका रूपमा स्थापित थियो । अख्तियारको दाबीमा त्यो उद्योग नभई कम्पनी मात्रै थियो । जग्गा हदबन्दी सम्बन्धी कार्यनीतिले उद्योग चलाउने बाहेक अरु कम्पनीलाई हदबन्दीभन्दा बढीको जग्गा राख्न छुट दिन मिल्दैनथ्यो ।

पूर्वप्रधानमन्त्री नेपालले भूमिसम्बन्धी ऐनमा शिक्षण वा स्वास्थ्य संस्थालाई हदबन्दी छुट हुनसक्ने व्यवस्था रहेको भन्दै उद्योगले मात्रै हदबन्दी छुट पाउँछ भन्ने दाबी खोटपूर्ण भएको जिकिर गरेका छन् ।

उनले बयानमा भनेका छन्, 'जनस्वास्थ्य जस्तो विषयमा कसैले काम गर्न खोज्दा सहजीकरण गर्नु सरकारको दायित्व नै हुन आउँछ ।' अख्तियारले नीतिगत बाहेकको विषय किन विधेयक समितिमा गयो भनी प्रश्न गरेको थियो । उसको दाबीमा पतञ्जलिको जग्गाको फाइल विधेयक समितिमा नभई सामाजिक समितिमा जानुपर्ने थियो ।

अख्तियारको आरोपको जवाफमा पूर्वप्रधानमन्त्री नेपालले 'त्यो विषय नीतिगत भएकाले विधेयक समितिमा गएको हो' भनी जवाफ दिएका थिए । उनले सरकारले पहिलेदेखि नै नीतिगत निर्णयसँग सम्बन्धित विषय विधेयक समितिमा जाने अभ्यास रहेको जिकिर गरे । नाफा वितरण नगर्ने कम्पनीका रूपमा मात्रै स्थापित, तर कुनै उद्योग चलाउने योजना नबनाएको पतञ्जलिलाई किन हदबन्दी छुटको जग्गा दिएको भन्ने प्रश्नमा पूर्वप्रधानमन्त्री नेपालले योग र आयुर्वेदको माध्यमबाट जनस्वास्थ्यमा टेवा दिन पतञ्जलि खुलेको र त्यही आधारमा उसका बारेमा निर्णय भएको बताए ।

'हदबन्दी छुट दिने नदिने कुरा कानुनले नै व्यवस्था गरेको छ । यस्तो विषयमा विषयगत मन्त्रालयबाट नियमित रूपमा मन्त्रिपरिषद्मा प्रस्ताव पेस हुन आइरहेको छ,' नेपालले विशेष अदालतमा भनेका छन्, 'मन्त्रिपरिषद्ले विधेयक समितिमा छलफल गर्न पठाई सो समितिको निर्णय समेतका आधारमा उक्त निर्णय भएको हो ।'

पतञ्जलिलाई हदबन्दी छुटमा जग्गा दिन मन्त्रिपरिषद्ले कार्यनीति नै स्थगित गरेको थियो । विशेष अदालतका कर्मचारीहरूले कार्यनीति किन स्थगित भएको भनी प्रश्न गरेका थिए ।

पूर्वप्रधानमन्त्री नेपालले 'राज्यद्वारा शासन गर्ने क्रममा ऐन, नियम तथा कार्यविधि लगायतहरू समयअनुकूल परिमार्जन गर्नुपर्ने हुन्छ' भनी बयान गरेका थिए । बयानको निचोडमा उनले विधेयक समितिमा हुने छलफल नै नीतिगत विषय रहेको दाबी गर्दै भनेका छन्, 'मन्त्रिपरिषद्को विधेयक समिति कानुन र नीतिगत निर्णयमा सहयोग गर्ने एक नीतिगत संरचना हो ।'

(स्रोतः अनलाइनखबर)

# 'प्रतिवैरम'को आइटम गीतमा प्रियंकाको नृत्य

काठमाडौं/कुनै बेला अभिनेत्री प्रियंका कार्कीलाई फिल्ममा अभिनय गर्न भ्याइनभ्याइ हुने गर्थ्यो । तर, अचेल उनी फिल्मका गीतमा बढी काम गरिरहेकी छन् । केही दिनअघि उनले नृत्य गरेको फिल्म 'हली'को गीत 'चानस पाए त' सार्वजनिक भएको थियो । अब उनले अर्को फिल्म 'प्रतिवैरम'को आइटम गीतमा नृत्य गरेकी छन् । यो फिल्ममा उनको अभिनय भने छैन ।



चलचित्र विकास कम्पनीको सेटमा दुई दिनसम्म खिचिएको गीतमा संगीत मनिष अधिकारी, शब्द रोशन दास, र स्वर रितिका श्रेष्ठको रहेको छ भने छायांकन नितेश घतानले गरेका छन् । भिडियोमा सुरेन बसेलको कोरियोग्राफी छ । आइटम गीत खिचेसँगै फिल्मको आधाभन्दा बढी छायांकन पूरा भएको जनाइएको छ । बाँकी छायांकन मनसुन निस्क्रिय भएपछि गरिनेछ ।

रोशन दासले निर्देशनको जिम्मेवारी सम्हालेको यो फिल्ममा सम्राट दास, रमेश बुढाथोकी, नविन श्रेष्ठ, आलिशा बास्तोला, बिरेन्द्र कुशवाह, सुप्रज्ञा शर्मा, रोशन, नारायण बिक, रोनी यादव, कमल सुनार, गीता श्री, अग्नि सुवेदी लगायतको अभिनय रहेको छ । यसमा निर्देशक दास स्वयंको कथा छ भने पटकथा युवराज भट्टराईले तयार पारेका हुन् ।

# 'जनै हराएको मान्छे'को पोस्टरमा के छ ?




काठमाडौं/हरितालिका तीजको छेको पारेर आगामी भदौ ६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंसहित देशका आठवटा सहरबाट एकसाथ दुईवटा पोस्टर अनावरण गरिएको हो । केही फरक तरिकाले दर्शकको ध्यान खिच्न यो उपाय अपनाइएको निर्माण पक्षले जनाएको छ ।

दुईमध्ये एउटा पोस्टरमा विजय बराल, केकी अधिकारी र मिरुना मगर प्रस्तुत छन् । केकी र मिरुनाले समाएको डोरीलाई बीचमा विजयले समातेका छन् । मिरुनालाई मगर जातिको बेहुली पहिरनमा देख्न सकिन्छ । यो पोस्टरले सम्बन्धको परिबन्धलाई दर्शाउँछ । पोस्टरमा प्रयोग गरिएको निलो र रातो रंग निकै अर्थपूर्ण छ । त्यसले पात्रहरुको मनोविज्ञान चित्रित गर्छ ।

अर्को पोस्टरमा भने केकी मात्र चित्रित छिन् । साडी लगाएकी उनी निराश भावमा कठपुतली जसरी दुवै हात डोरीले बाँधिएको अवस्थामा देखिएकी छन् । यसले फिल्ममा उनको पात्र कसैको नियन्त्रणमा वा दोधारमा रहेको बुझाउँछ । पोस्टरमा लेखिएको छ, 'जति पीडा भए पनि कहिले ऐया नभन्ने मेरी दिदी ।' यसबाट के प्रष्ट हुन्छ भने फिल्ममा उनी दिदीको भूमिकामा छिन् ।

हिमाल न्यौपानेले निर्देशनमा तयार भएको यो फिल्ममा विजय, केकी र मिरुनासहित गौरव पहाडी, सुशांक मैनाली, भोलाराज सापकोटा, आरुस भुसाल, रियर राई, भावना खपांगी मगर, रुपेश लामा, सुमन थापा लगायतको अभिनय रहेको छ । फिल्मको असोसियट निर्देशकमा 'प्रेमगीत ३'का अभिनेता मनिष राउत छन् ।

पेपरक्लिपको ब्यानरमा निर्माण भएको फिल्मका निर्माताहरु कमल न्यौपाने र विमल न्यौपाने हुन् । कार्यकारी निर्मातामा नारायण तिमल्सेना, चुडामणि सिवाकोटी, आरके मानन्धर, सिआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन रहेका छन् । नवीन गुरुङको डीओपी र कृष्ण परियारको सिनेमेटोग्राफी रहेको फिल्ममा भानुभक्त ढकालको लेखन छ ।

# पारिश्रमिकबारे केदारको खण्डन : '६१ लाख लिएको छैन'



काठमाडौं/यतिबेला कलाकार केदार घिमिरे 'माग्ने बुढा' पारिश्रमिकको विषयले चर्चामा छन् । केही साताअघि फिल्म 'माग्ने राजा'को पोस्टर सार्वजनिक कार्यक्रममा यसका निर्माता मुनाल घिमिरेले केदारलाई ६१ लाख पारिश्रमिक दिएको दाबी गरेका थिए । यसपछि केदारले 'सबैभन्दा महँगा कलाकार'को ट्याग समेत पाए । तर, निर्माताले गरेको उक्त दाबी फण्डा मात्र रहेको खुलासा भएको छ ।

आइतबार एक कार्यक्रममा सहभागी हुने क्रममा केदार स्वयंले फण्डाका लागि निर्माताले आफूलाई ६१ लाख दिएको भनेर हल्ला चलाएको बताएका छन् । उनले भनेका छन्, '६१ लाख भन्ने कुरा निर्माताले गरेको फण्डा मात्र हो । यसो गर्‍यो भने फिल्मको राम्रो हाइप बन्छ भन्ने रूपमा निर्माताले लिनुभयो । तर, म चाहिँ पारिश्रमिकभन्दा पनि अभिनयको कुरा अगाडि आउनुपर्छ भनेर सोच्छु ।'

केदारले पोस्टर सार्वजनिक कार्यक्रममा पारिश्रमिकको खण्डन नगर्नुको कारण टिजरलाई देखाएका छन् । भन्छन्, 'टिजरभित्र पैसा थियो । त्यो टिजर नआइ मैले बोल्न नमिल्ने थियो । निर्माताले बोलेकै दिन मैले उहाँलाई स्पष्टीकरण सोधिसकेँ । किन अनावश्यक हल्ला गर्नुभयो भनेर मैले सोध्दा उहाँले 'टिजरमा छ नि पैसा, मैले त्यही नै दिएको हुँ भनेर पछि मिलाइहाल्छु' भनेर सच्याउनुभयो ।'

उनले ट्याक्सबाट जोगिनलाई पारिश्रमिकको खण्डन नगरेको पनि स्पष्ट पारेका छन् । उनले भने, 'ट्याक्स मैले घरको ल्याएर तिर्ने होइन । निर्माताबाट सबै पैसा आइसकेपछि म कानुन बमोजिम ट्याक्स अवश्य तिर्नेछु ।' उनले अनावश्यक फण्डाले व्यक्तिगत रुपमा असर गर्ने पनि बताएका छन् । आफू कामको पूजारी भएकाले सधैं कामको मात्रै कुरा होस् भन्ने चाहने केदारको भनाइ छ ।

उनले फिल्ममा आफूले लिँदै नलिएको पारिश्रमिकको विषयलाई निर्माताले फण्डा बनाएपछि टिमसँग आफ्नो मतभिन्नता रहेको पनि खुलाएका छन् । उनी भन्छन्, 'त्यो विषयलाई लिएर टिमसँग मतभिन्नता चाहिँ छ । फिल्मको प्रचार गर्ने भन्दैमा अनर्गल प्रचारमा जानुपर्छ भन्ने मलाई लाग्दैन । किनभने, हामी एउटा मात्रै फिल्म खेलेर हराउने मान्छे होइन । सधैं यही क्षेत्रमा बसेर काम गर्नुपर्छ ।'

# 'एक्लो' पुषमा आउने, फर्स्टलुक भिडियोमा योद्धा प्रदीप

काठमाडौं/प्रदीप शाहीको निर्देशनमा बनेको साइफाइ फिल्म 'एक्लो' यस वर्षको जाडोयाममा प्रदर्शन हुने भएको छ । आइतबार फर्स्टलुक भिडियोमार्फत आगामी पुषमा फिल्म प्रदर्शन हुने जनाइएको हो । तर, प्रदर्शन मिति भने तोकिएको छैन । बुझिए अनुसार पुष १० गते परेको क्रिसमस-डेको विदामा फिल्म प्रदर्शन गर्ने तयारी गरिएको छ । यो मिति अहिलेसम्म कुनै फिल्मले 'बुक' गरेका छैनन् ।

सार्वजनिक भिडियोमा फिल्मका कलाकारहरु प्रदीप खड्का, बेनिशा हमाल, दीया मास्के, विजय लामा, सुनील थापा, सुरजसिंह ठकुरी, कविता नेपाली, एवन राज उप्रेती र बेलायती अभिनेता जेमी बेकन क्यारेक्टर लुक्समा प्रस्तुत छन् । प्रदीप योद्धाको रुपमा देखिएका छन् । उनको पृष्ठभूमिमा दौडिरहेको सेतो घोडा र आगो देख्न सकिन्छ । यसले उनको पात्र शक्तिशाली रहेको बुझाउँछ ।

'एक्लो'मा दिनेश डीसी, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री, विनोद सुवेदी 'क्षितिज', श्रीशेष श्रेष्ठ, बाल कलाकारहरु जेमिन श्रेष्ठ र स्योन सविक सिंह लगायतको पनि अभिनय रहेको छ । करिब २ महिनादेखि फिल्मको बेलायतमा पोस्ट प्रोडक्सनको काम भइरहेको छ । गत मेमा भएको विश्वविख्यात कान्स फेस्टिभलमा स्टल नै राखेर फिल्मको प्रचार गरिएको थियो ।

यो फिल्मका निर्माताहरुमा राजुकुमार गुरुङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, भाइराजा थापा, नवीन सिवा, बागवीर पुन, भुवन अधिकारी, संगीता वादी श्रेष्ठ, रितेश राना, सुशील प्रजापति र शशिकला गुरुङ रहेका छन् भने कार्यकारी निर्माता विनोद सुवेदी 'क्षितिज' हुन् । फिल्मको छायांकन बाबु श्रेष्ठले गरेका हुन् । यसमा रुपेश गुरुङको सम्पादन तथा राजु तामाङको द्वन्द्व निर्देशन छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# तीनवर्षको करतिरे त्यस अघिको सम्पूर्ण राजस्व छुट




साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ बागमती प्रदेश सरकारले सवारी साधनको करतिर्न बाँकी रहेका सवारी धनीका लागि विशेष करमिनाहा योजना सार्वजनिक गरेको छ ।

आगामी आर्थिक वर्षको बजेट वक्तव्यमार्फत प्रदेशका आन्तरिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले पछिल्लो तीनवर्षको करतिरे त्यसअघि बाँकी रहेका वर्षको सवारीकर, दस्तुर तथा जरिवाना शतप्रतिशत मिनाहा गर्ने घोषणा गरेका थिए । यस योजनाबाट कर प्रणालीमा सुधार र पुराना सवारी साधनको व्यवस्थापनमा समेत सहज हुने अपेक्षा प्रदेश सरकारले लिएको बताएका छन् । योजनाअनुसार सवारीधनीले आव २०८०/८१, २०८१/८२ र २०८२/८३ को कर तथा नवीकरण दस्तुर ०८३ जेठ मसान्तभित्र बुझाएमा, त्यसअघि बाँकी रहेका वर्षको सवारीकर, दस्तुर तथा जरिवाना शतप्रतिशत मिनाहा गरिनेछ ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले आर्थिक वर्ष २०८१/८२ सम्म प्रचलित कानुनअनुसार कर नबुझाएका र सवारी दर्ता प्रमाणपत्र नवीकरण नगरेका सवारीधनीलाई यो छुट दिइने जानकारी दिए । उनले यसबाट सवारीधनीलाई करतिर्न सहज हुने र प्रदेश सरकारलाई राजस्व संकलनमा सहयोग पुग्ने अपेक्षा गरिएको स्पष्ट पारे । संघ, प्रदेश र स्थानीय सरकार अन्तर्गतका प्रयोग गर्न नसकिने तथा मर्मतसम्भार गरी उपयोगमा ल्याउन नमिल्ने सवारी साधनको हकमा पनि छुटको व्यवस्था गरिएको सचिव मैनालीको भनाइ छ ।

यातायात मन्त्रालयको स्वीकृतिमा त्यस्ता सवारीको बाँकी राजस्व मिनाहा गरी दर्ता कार्यालय मार्फत् लगतकट्टा गरी स्वामित्व रहेको कार्यालयबाट लिलामी प्रक्रिया अघि बढाउन सकिने उनले बताए । 'बागमतीमा दर्ता भएका २० वर्ष पुराना सार्वजनिक सवारी साधनका हकमा पनि यो योजना लागू हुन्छ,' उनले भने । यातायात व्यवसायीले भने राम्रो कण्डिसनमा रहेका र ईन्जिनको हेल्थ राम्रो अवस्थामा रहेका सवारीसाधनलाई रिरुट गरी संचालन गर्ने अनुमति दिन माग गरिरहेका छन् ।

# कुखुराको चल्ला उत्पादन देशभर ठप्प

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ नेपाल ह्याचरी उद्योग संघले ७ दिनका लागि देशैभर कुखुराको चल्ला उत्पादन तथा बिक्री वितरणमा रोक लगाएको छ । उत्पादित कुखुराले उचित बजारमूल्य नपाएपछि संघले चल्ला उत्पादनमै रोक लगाउने निर्णय गरेको हो ।

संघको बैठकले असार २३ गतेदेखि असार २९ गते आइतबार सम्मका कूल ७ दिन बोइलर र कोइलर कुखुराको चल्ला उत्पादन तथा बिक्री वितरणमा रोक लगाउने निर्णय गरेको छ । यसले बजारमा कुखुराको उत्पादनमा सन्तुलन ल्याई मूल्यमा प्रभाव पार्ने संघको भनाइ छ । नियमित चल्ला उत्पादनले बजारमा कुखुराको उत्पादन बढेको र उचित बजार भाउ पाउन नसकिएको कुखुरापालक कृषिकको गुनासो छ ।

यही गुनासो सम्बोधन गर्न ७ दिनका लागि चल्ला उत्पादन स्थगन गर्ने निर्णय भएको संघले जनाएको छ । यद्यपि, यस्तो उत्पादन बन्द संघमा आवद्ध रहेका व्यवसायी तथा उद्योगभित्र मात्र कार्यान्वयन गरिने संघ अध्यक्ष लक्ष्मीदास श्रेष्ठले बताए । ह्याचरी व्यवसायमा अहिले देखिएको विषम परिस्थितिलाई मध्यनजर गर्दै चल्ला उत्पादन तथा बिक्रीवितरणमा रोक लगाउने निर्णय गर्नुपरेको उनले बताए । एक साता चल्ला उत्पादन बन्द गर्दा तयारी कुखुराको बजार भाउमा सकारात्मक प्रभाव पर्ने अपेक्ष संघको रहेको छ ।

# पत्करबाट मल बनाउने मेसिनको उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ डाङ्डुङ्गे सामुदायिक वन उपभोक्ता समूहको हाताभित्र जडान गरिएको पत्कर धुलो बनाउने र कुहिएको पत्करलाई धुलो बनाएर मल बनाउने मेसिनको उद्घाटन गरिएको छ ।

बागमती प्रदेशका वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवालले मेसिनको उद्घाटन गरेका हुन् । कार्यक्रममा मन्त्री सिलवालले मेसिनबाट उत्पादन भएको धुलो पतकर कुखुरालाई ओछ्याउन काम लाग्ने र कुखुराको सुली मिसिएको धुलोले राम्रो मलको रुपमा प्रयोग गर्न सकिने भएकाले त्यसबाट आम्दानीको नयाँ बाटो खुल्ने बताए । उनले आफ्नो कार्यकालमा वन समिति तथा उपभोक्ताको हितमा नयाँ नीति लागू गर्न छलफल भइरहेको जानकारी दिए ।

डाङ्डुङ्गे सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष शालिकराम पुडासैनीको अध्यक्षतामा भएको कार्यक्रममा बिशिष्टअतिथि बागमती प्रदेशसभा सदस्य भारती पाठकले सामुदायिक वन उपभोक्ता महासंघसँग पनि हातेमालो गर्न सुझाव दिइन् । उनले आफू सामुदायिक वन उपभोक्ता महासंघको केन्द्रीय अध्यक्ष समेत भएकाले वनको मुद्दामा वकालत गर्दै बजेट ल्याउन पहल गरिरहेको बताइन् ।

कार्यक्रममा वडाअध्यक्ष जुना दाहाल, डिभिजन वन कार्यालय राप्ती मनहरीका प्रमुख हेमराज थापा, सहायक वन अधिकृत सुरेशकुमार गुप्ता, वन अधिकृत दामोदर पाण्डे, सब डिभिजन वन कार्यालय सान्नान्टारका प्रमुख हरि प्रसाद अधिकारीलगायतको आतिथ्यता रहेको थियो ।

# बकैयाको दुर्गमबस्तीमा झोलुंगे पुल निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ मकवानपुरको बकैया गाउँपालिकाको दुर्गम बस्तीको खोलामा झोलुंगे पुल निर्माण गरिएको छ । पुलको अभावमा वर्षायाममा जोखिम मोल्दै आएका बकैया गाउँपालिका-७ का बासिन्दालाई हर्दा खोलामा झोलुंगे पुल बनेपछि खुसी छाएको छ ।

बकैया गाउँपालिका-७ स्थित हर्दा खोलामा १०८ मिटर लामो झोलुंगे पुल बनेको हो । संघीय सरकार र बकैया गाउँपालिकाको लगानीमा माटोकोरी-चुनढुंगा झोलुंगे पुल निर्माण गरिएको हो । ६० लाख सात हजार रुपैयाँमा निर्माण गरिएको पुलका निम्ति संघीय सरकारले ५० लाख १४ हजार, बकैया गाउँपालिकाले ७ लाख ८२ हजार र स्थानीयबासीले एक लाख २० हजार रुपैयाँ बराबरको श्रमदान गरेका थिए ।

ग्रामीण जागरण तथा विकास संगठन नेपाल(राडो) प्राविधिक सहयोग निर्माण गरिएको झोलुंगे पुलबाट २ सय ३५ घरधुरीका १ हजार ४ सय ५ जना लाभान्वित हुने वडाध्यक्षले मानबहादुर स्याङ्तानले बताए । गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले आइतबार एक समारोहबीच उद्घाटन गरेको पुलले ७ नम्बर वडावासीमा खुसी छाएको छ । हर्दा खोलामा पुलको अभावले गर्दा पालिकाको केन्द्र रहेको स्थानमा वर्षायाममा आउजाउ गर्न समस्या थियो । यो पुलको निर्माण कार्य २०८० सालको चैतमा सुरु गरिएको थियो ।

# थाहानगर: अक्सिजन प्लान्ट खरिदमा १ करोड भ्रष्टाचारको अभियोगमा ६ जनाविरुद्ध मुद्दा

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ मकवानपुरको थाहा नगरपालिकामा अक्सिजन जेनेरेसन प्लान्ट खरिदको नाममा व्यापक अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचारको आरोपमा मुद्दा दायर गरेको छ ।

प्रदेश र संघ सरकारको गरी १ करोड ५५ लाख रुपैयाँ विनियोजन भएको योजनामा प्राविधिक मापदण्ड विपरीत प्रविधि छनोट गरी खरिद प्रक्रिया मिलेमतोमा अघि बढाइएको आयोगको दाबी छ । विशेष अदालतमा दायर आरोपपत्रमा नगरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरी, तत्कालीन लेखाअधिकृत हरिबहादुर खपाङ्गीमगर तत्कालीन ईन्जिनियर सन्तोष बोहरा र सहायक पाँचौ सुदर्शन पहेंली, प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रका बायोमेडिकल इन्जिनियर राजेश्वर कमली, शुभारम्भ सर्भिस ट्रेडर्स प्रालि तथा प्रालिका अध्यक्ष तथा प्रोप्राइटर सोबित प्रसाईलगायतले प्राविधिक मूल्यांकनमा 'सेटिङ' मिलाएर कम गुणस्तरको प्रविधि छनोट गराएको उल्लेख छ ।

नगरपालिकाले आर्थिक वर्ष २०७८/७९ मा अक्सिजन प्लान्ट खरिदका लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट १ करोड र प्रदेश सरकारबाट ५५ लाख रुपैयाँ प्राप्त गरेको थियो । आरोपत्रमा भनिएको छ, 'प्रतिवादीबीच आपसी मिलेमतोमा कम गुणस्तर र फरक प्रविधिको सामग्री उपलब्ध गराउने निर्णय गरिएको हो । स्वीकृत मापदण्ड विपरीत झुट्टा कागजात पेश गरेर सुभारम्भ सर्भिस ट्रेडर्सको १ करोड १० लाख १ हजार १ सय ९९ रुपैयाँ ७५ पैसाको बोलपत्र स्वीकृत गरिएको हो ।'

सुभारम्भ सर्भिस ट्रेडर्ससँग सम्झौता गरिएपछि १२ लाख अग्रिम भुक्तानी समेत गरिएको आयोगको दाबी छ । प्लान्टसम्बन्धी सामग्री नगरपालिकामा दाखिला भइसकेको भएपनि त्यसले सार्वजनिक खरिद ऐन, नियम र प्राविधिक मापदण्ड उलंघन गरेको अख्तियारको निष्कर्ष छ । अख्तियारले उनीहरु उपर सार्वजनिक पदको दुरुपयोग, झुटा कागजात पेश, प्राविधिक मूल्यांकनमा बेइमानी, र भ्रष्टाचारसम्बन्धी अभियोगमा कारबाही माग गर्दै मुद्दा दर्ता गरेको हो ।

# डीनाले भनिन्: सबै तहको अधिवेशन ४ वर्षमा हुने व्यवस्था निलम्बन गरौं

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ नेपाली कांग्रेसको सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डना' ले केन्द्रदेखि वडा तहसम्म चारवर्षमा अधिवेशन हुने विधानको व्यवस्था निलम्बन गर्नुपर्ने प्रस्ताव पार्टी बैठकमा राखेकी छन् ।

पार्टी केन्द्रीय समिति बैठकमा आइतबार उपाध्यायले हरेका तहको चारवर्षमा अधिवशेन हुने विधानमा लेख्ने तर, कार्यान्वयनमा समस्या रहेको बताइन् । उनले भनिन्, 'विधानको विविधमा हरेक तहको निर्वाचन, अधिवेशन वडा तहदेखि केन्द्रीय तहसम्मको अधिवेशन चारवर्षमा हुनेछ भनेका छौँ । वडातहदेखि केन्द्रको अधिवेशन चार वर्षमा कसरी हुन्छ ?'

विधानअनुसार भएको भए वडा र जिल्लातहको अधिवेशन सकिइसक्नु पर्ने समय भएको उनले बताइन् । विधानको व्यवस्थाअनुसार सबै तहमा अधिवशेन हुन नसक्ने अवस्था रहेकाले यस्तो दफालाई निलम्बन गर्न उपयुक्त हुने बताइन् । 'चारवर्षमा सबै तहमा अधिवेशन हुने विधानको व्यवस्थाअनुसार केन्द्रको मात्रै कुरा होइन नि ।

वडाको अधिवशेन गर्ने समयावधि सकिसकेको छ । जिल्लाको समयावधि सकिने बेला भइसकेको छ । त्यसकारणले यो कुरालाई गम्भीर रुपमा लिनुपर्दछ,' उपाध्यायले भनिन् ।

# निर्माण व्यवसायी लामालाई रिहा गर्न माग

साझाकुरा संवाददाता


हेटौंडा, २२ असार/ निर्माण उद्योगमा संलग्न व्यवसायीको सुरक्षाका विषयमा सरोकारवाला निकाय गम्भीर नभएको नेपाल निर्माण व्यवसायी महासंघले जनाएको छ ।

महासंघका महासचिव रोशन दाहालले आइतवार विज्ञप्ति जारी गर्दै मकवानपुरको सहरी विकास तथा भवन कार्यालय र दोलखा कालीभूमे कन्स्ट्रक्शन एण्ड सप्लार्यस प्रा.लिबीच ठेक्का सम्झौता भई कार्य भइरहँदा महिला निर्माण व्यवसायी मञ्जु लामामाथि भएको अभद्र व्यवहारप्रति कडा आपत्ति जनाएका छन् । हेटौंडा उपमहानगर पालिका-४ का अध्यक्ष नवीन सिग्देलले लामामाथि यही असार १९ गते अभद्र व्यवहार गरेको भन्दै महासंघले बिरोध जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा थुनाउने घटनाको भत्सर्ना गर्दै महासंघले त्यसप्रति खेद व्यक्त गरेको छ ।

'सम्बन्धित कार्यालयसँग समन्वय गरी सत्यतथ्य पत्ता लगाई आपसी संवादमार्फत् निश्पक्ष छानबीन गरी समस्या समाधान गर्नुपर्नेमा वडाअध्यक्ष जस्तो जिम्मेवार व्यक्तिबाट निर्माणकार्य तीव्ररुपमा गर्नुपर्ने अहिलेकै सिजनमा महिला निर्माण व्यवसायीउपर भएको यस किसिमको हर्कतबाट जनप्रतिनिधिमा सत्ताउन्माद भई कानूनी शासनको उपहास गरिएको महासंघको ठहर छ' महासचिव दाहालद्वारा जारी विज्ञप्तीमा उल्लेख छ ।

निर्माण व्यवसायी लामालाई तत्काल रिहा गरी घटनामा संलग्नलाई कडा भन्दा कडा कार्वाही गर्न तथा देशभरका निर्माण व्यवसायी, आश्रित कामदार सहित निर्माण उपकरणको सुरक्षाको पूर्ण व्यवस्था मिलाउन महासंघले जोडदार माग गरेको छ । व्यवसायीमाथिको यस किसिमको निन्दनीय घटना बन्द नभए महासंघ बाध्य भएर देशभरका निर्माणकार्य ठप्प पारी सशक्त आन्दोलनमा उत्रन बाध्य हुने विज्ञप्तिमा जनाइएको छ ।

# लगातार छैटौं दिन बढ्यो सेयर बजार, नेप्से २७०६ अंकमा




काठमाडौं/साताको पहिलो दिन आइतबार पनि सेयर बजारमा झिनो अंकको वृद्धि देखिएको छ । योसहित लगातार छैटौं दिन बजार बढेको हो ।

आइतबार नेप्से परिसूचक अघिल्लो दिनको तुलनामा २.४० अंक बढेसँगै २७०६ मा कायम भएको हो । कारोबार रकम केही घटेको छ । अघिल्लो दिन ९ अर्ब ६४ करोडको कारोबार भएकोमा आइतबार ९ अर्ब ५० करोडको भयो ।

अन्य समूह आइतबार सबैभन्दा धेरै ३.०६ प्रतिशत बढ्यो । दुई पुनर्बीमा कम्पनी हिमालयन रि र नेपाल रिको मूल्य उच्च दरले बढ्दा यो समूहमा उल्लेख्य वृद्धि देखियो । त्यस्तै फाइनान्स २.४९ प्रतिशत बढ्यो । बैंकिङ ०.११, लगानी ०.३७, उत्पादन तथा प्रशोधन ०.६३ तथा व्यापार ०.८२ प्रतिशत बढे ।

विकास बैंक १.५३, होटल तथा पर्यटन ०.२५, हाइड्रोपावर १.०५, जीवन बीमा १.३०, माइक्रोफाइनान्स ०.०६ तथा निर्जीवन बीमा ०.५१ प्रतिशत घटे । नेपाल फाइनान्सको मूल्य सबैभन्दा धेरै १० प्रतिशत बढ्यो । गार्डियन माइक्रोलाइफ इन्स्योरेन्सको ७.३६, राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सनको ५.७०, अपरहेवाखोला हाइड्रोपावरको ५.१८ तथा जानाकी फाइनान्सको ४.९१ प्रतिशत बढ्यो ।

ग्रिन डेभलपमेन्ट बैंकको मूल्य ८.५८ प्रतिशत घट्यो । सिन्धु विकासको ५.८१, खानीखोला हाइड्रोपावरको ५.४३ प्रतिशत मूल्य घट्यो । धेरै कारोबार भएका कम्पनीमा नेपाल पुनर्बीमा, लक्ष्मी सनराइज बैंक संस्थापक, हिमालयन रिइन्स्योरेन्स, गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स र एनआरएन इन्फ्रास्ट्रक्चर क्रमश: अगाडि छन् ।

# प्याजको भाउ घट्यो, प्रतिकिलो कति ?



काठमाडौं/बजारमा सुकेको प्याजको भाउ घटेको छ । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको तथ्यांकले आइतबार प्याजको भाउ घटेको देखाएको हो ।

आइतबार कालीमाटी बजारमा सुकेको प्याज प्रतिकिलो थोकमा न्यूनतम ४४ देखि अधिकतम ४६ रुपैयाँमा कारोबार भइरहेको छ ।

शनिबार प्रतिकिलो न्यूनतम ४५ देखि अधिकतम ४६ रुपैयाँमा कारोबार भएको प्याज शुक्रबार प्रतिकिलो थोकमा न्यूनतम ४५ देखि अधिकतम ४७ रूपैयाँमा कारोबार भएको थियो ।

एक साताअघि कालीमाटी तरकारी बजारमा सुकेको प्याज प्रतिकिलो थोक मूल्य न्यूनतम ४७ देखि अधिकतम ५० रुपैयाँमा कारोबार भएको थियो ।

एक साताको अवधिमा प्याजको भाउ प्रतिकिलो ४ देखि ५ रुपैयाँसम्म घटेको छ ।

१ असारमा सुकेको प्याज प्रतिकिलो न्यूनतम ४० देखि अधिकतम ४२ रुपैयाँमा किनबेच भएको थियो ।

यस्तै जेठ अन्तिम साता भने सुकेको प्याज प्रतिकिलो थोकमा न्यूनतम ३६ देखि अधिकतम ३८ रुपैयाँमा किनबेच भएको थियो ।

# देशभर ४१.९ प्रतिशत धान रोपाइँ

काठमाडौं/यसवर्ष २२ असारसम्म देशभर कूल ४१ प्रतिशत भन्दा बढी धान रोपाइँ सम्पन्न भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सार्वजनिक गरेको तथ्यांक अनुसार २२ असारसम्म ४१.९ प्रतिशत धान रोपाइँ भएको हो ।

देशभर १३ लाख ९१ हजार ३ सय २१ हेक्टर जमिनमा धान खेती हुने गरेकोमा अहिलेसम्म जम्मा ५ लाख ८० हजार ८ सय ८६ हेक्टर जमिनमा रोपाइँ सकिएको छ । गत वर्ष २२ असारसम्म ४३.५ प्रतिशत रोपाइँ भएको थियो ।

प्रदेशगत तथ्यांक हेर्दा सबैभन्दा धेरै सुदूरपश्चिममा ८२.८ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । गत वर्ष २३ असारसम्म सुदूर पश्चिममा ८६ प्रतिशत रोपाइँ सकिएको थियो ।

यसैगरी, कर्णाली प्रदेशमा ७१.७ प्रतिशत, लुम्बिनी प्रदेशमा ५२.१ प्रतिशत, गण्डकीमा ५५.६ प्रतिशत, बागमतीमा ५१.९ प्रतिशत, मधेशमा १३.६ प्रतिशत र कोसी प्रदेशमा २९.५ प्रतिशतमात्र धान रोपाइँ भएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना